# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।
फोन नं: ०१-४२००५११

प सं: ०७६।७७
च नं: २६९

मिति: २०७६।१०।०७

श्री प्रमुख प्रशासकीय अधिकृज्यूहरु,
गाउँपालिका/नगरपालिका (सबै) ।

विषय: स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका आयोजनाको कार्यान्वयन सम्बन्धमा ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ अनुसारको कार्यक्रम निर्देशक समितिबाट छनोट भएका आयोजनाहरुको बजेट जिल्ला समन्वय समितिबाट प्राप्त विवरणको आधारमा सशर्त अनुदानको रुपमा सम्बन्धित गाउँपालिका तथा नगरपालिकामा पठाई सकिएको छ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि नियमावलीको नियम १२ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका आयोजनाहरु कार्यान्वयन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुने र कार्यक्रमको कार्यान्वयनमा अनावश्यक बिलम्ब गर्ने वा बाधा व्यवधान गर्ने प्रशासकीय अधिकृतलाई कारवाही हुने व्यवस्था समेत रहेको व्यहोरा अवगत नै छ । नियमावलीको यस प्रावधान बमोजिम स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका आयोजनाहरु समयमै कार्यान्वयनमा लैजान र आयोजनाको लक्ष समयमै हासिल गर्ने तर्फ सचेत रहन स्मरण गराइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थ:
श्री जिल्ला समन्वय समिति (सबै) ।
श्री सूचना तथा प्रविधि शाखा: वेवसाइटमा अपलोड गरिदिनु हुन ।